नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग
बालुवाटार, काठमाण्डौंको


# २०६९ सालको कार्यालय पात्रो (क्यालेन्डर) छपाई गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६८/१०/२६ )

यस बैंकको लागि १२५ ग्राम (±५ग्राम) सेतो डबल कोटेड आर्ट पेपरमा १२,००० थान २०६९ सालको कार्यालय पात्रो अफसेट प्रविधिबाट छपाई गर्नु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म/छापाखानाहरु बाट यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०६८/११/१२ गते १२.०० बजे भित्र यस विभागमा आइपुग्ने गरी सिलवन्दी दरभाउपत्र आह्वान गरिएकोछ ।

१. दरभाउपत्र फारम रु.५००।०० (पछि फिर्ता नहुने गरी) यस बैंकको सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँट, खरिद इकाईबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०६८/११/११ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को ४:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारबाट खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०६८/११/१२ (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को मध्यान्ह् १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा दाखिला भई सक्नु पर्नेछ र सोहि दिन अपरान्ह १२:३० बजे दरभाउपत्रदाता वा नीजको प्रतिनिधिको उपस्थितिमा (प्रतिनिधि उपस्थिती नभए पनि) दरभाउपत्र खोलिनेछ ।

४. कार्यालय पात्रो छपाई सम्वन्धी प्रस्ताव सिलवन्दी खाममा पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र फारामका साथ विडवण्ड वापत आफुले कबुल गरेको मूल्यको पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिंग कार्यालय, थापाथलीस्थित सा.हि.नं ९ मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम दिनले न्यूनतम ६० दिन अवधि भएको यस बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तीय संस्थाहरुबाट यस बैंकको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्थाको कालो सूचीमा नपरेको हुनु पर्नेछ ।

७. यस सम्वन्धमा थप जानकारी चाहिएमा यस बैंकको सामान्य सेवा विभाग, आन्तरिक प्रशासन फाँट, खरिद इकाई बालुवाटार, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

८. यो सूचना तथा दरभाउपत्र सम्बन्धी कागजातहरु नेपाल राष्ट्र बैकको वेबसाईट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

सामान्य सेवा विभाग
आन्तरिक प्रशासन फाँट